Article for Media Reader

# पत्रकारितामा सूचनाको हकको प्रयोग

विनयकुमार कसजू

## सूचना अधिकार र प्रेसको सम्बन्ध

पत्रकारिताका लागि सूचना मानव शरीरका लागि रगत जस्तै हो । यसैले सूचनामा प्रेसको पहुँच निरन्तर र निर्बाध हुनु पर्छ । लोकतान्त्रिक समाजमा प्रेसले सार्वजनिक हितको रक्षकको भूमिका खेल्नका लागि सूचनामा प्रेसको पहुँच हुने प्रवाभकारी कानुन हुनु आवश्यक हुन्छ । यसैले पत्रकारहरू सूचना अधिकारको कार्यान्वयन र उपयोग गर्ने काममा अग्रपंक्तिमा हुनु पर्छ ।

समाचारको कारोवार नै पत्रकारिताको मूल काम र चरित्र पनि हो । सरकारी/सार्वजनिक निकायहरू समाचारका सबैभन्दा ठूला र मुख्य स्रोत हुन् । यसैले सरकारी निकायहरूमा रहेका सूचनामा पत्रकारको निर्बाध पहुँच हुनु अपरिहार्य हुन्छ ।

सरकारी निकायमा भएका सूचना माग्ने र पाउने उचित र पर्याप्त व्यवस्था भएन भने पत्रिकाले सही र पर्याप्त समाचार संम्प्रेषण गर्न सक्तैन । फलस्वरूप सरकारले गरेका कामकारवाहीको सही सूचना जनताले पाउन सक्तैनन् र सरकारी कामको निगरानी जनताले गर्न सक्तैनन् । यसको दुष्प्रभाव समाज, व्यवस्था र देशमाथि नै पर्न सक्छ ।

सूचना अधिकार कानुनले सरकारले के काम गर्छ भन्ने मात्रै होइन कसरी काम गर्छ भन्ने विषयमा पनि पत्रकारलाई भित्री/गहन (in-depth) सूचना पाउन मदत गर्छ । आमनागरिकले सरकारसँग माग्ने सूचना र पत्रकारले माग्ने सूचनामा फरक हुन्छ । पत्रकारले विषयको भित्री तहमा पुगेर गाह्रो प्रश्न सोध्न सक्छन् । यसरी प्राप्त भएको सूचना पत्रकारले खोज पत्रकारिताको लागि उपयोगगर्न सक्छन् ।

विभिन्न देशमा सूचना अधिकार कानुन लागू भएपछि पत्रकारहरूले ठूलाठूला र महत्वपूर्ण विषयहरू बाहिर ल्याएका धेरै घटनाहरू छन् । बेलायतमा सन् २००० मा सूचना अधिकार कानुन लागू भएपछि सरकारले गरेका हतियारको व्यापार, अस्पतालहरूमा भएका अनियमितताका कारणले भएका मृत्यका घटना, हतियार प्रयोग गरी गरिएका अपराधका तथ्यांक, सरकारी कम्प्युटर प्रणाली फेल भएको घटना, सरकारी निकायहरूले अनावश्यक रूपमा तिरेका परामर्श शुल्क इत्यादि विषयका समाचार बाहिर आएका थिए । अमेरिकामा यो ऐन लागू भएपछि गैरकानुनी थुना र मानिसहरूमाथि गरिने निगरानी (जासुसी) तथा उद्योगहरूले उत्पन्न गरेका वातावरणीय समस्याका समाचार बाहिर आएका थिए । सूचना अधिकार कानुन लागू नभएको भए यी घटनाका समाचार बाहिर आउन सक्तैनथे ।

नेपालमा सूचनाको अधिकारको लागि पत्रकारिता क्षेत्रले पहिले आवाज उठाएको हो । पत्रकार महासंघले यसको लागि विधेयक तर्जुमा पनि गरेको हो । यसैले हुनसक्छ सूचनाअधिकार प्रेसको मात्रै सरोकारको विषय हो कि भन्ने भ्रम धेरैलाई छ । यो भ्रम अहिलेसम्म मेटिइसकेको छैन । तर अरू देशको तुलानामा नेपालमा पत्रकारहरूले आफ्नो व्यावसायिक कामका लागि सूचनाको हकको प्रयोग नगन्य मात्रामा गरेका छन् ।

राष्ट्रिय सूचना आयोगको गठन भएपछि सूचना मागको पहिलो निवेदन २०६५ भदौ ९ मा दिइएको थियो, जसमा केही प्रकाशक/पत्रकारले प्रेस काउन्सिल नेपालले पत्रपत्रिकाको वर्गीकरण कसरी र कुन आधारमा गर्‍यो भन्ने सूचना मागेका थिए ।

त्यसपछि आयोगसमक्ष उजुरी दिएर पत्रकारले सूचना मागेका र पाएका दुइटा मात्र उल्लेखनीय घटना छन् । हिमाल खबर पत्रिकाका पत्रकार रामजी दाहालले कैलालीका पत्रकार जेपी जोशीको हत्यासम्बन्धमा गठित जाँचबुझ आयोगको प्रतिवेदन र खर्चको विवरणको बिल भर्पाइको प्रतिलिपि मागेकोमा आंशिक सूचना मात्र पाएको हुँदा आयोग मार्फत २०६६ फागुन २३ गते पूर्ण सूचनाको माग गरेकोमा आयोगले माग गरिएको सूचना दिलाएको थियो । यसले पत्रकारलाई सम्बन्धित विषयमा रिपोर्टिङ गर्न सघाएको थियो ।

द हिमालयन टाइम्सका पत्रकार अनन्त लुइँटेलले नेपालको अन्तरिम संविधान, २०६३ लागू भएपश्चात् न्यायपरिषद्बाट सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतका न्यायधीशहरूका सम्वन्धमा भएका जाँचवुझ समितिका प्रतिवेदनहरू, जाँचवुझका आधारमा वर्खास्त गरिएका न्यायधीशहरूको नाम, थर लगाएतका विवरणहरू र त्यसको आधार र कारण; जाँचवुझबाट सफाई पाएका न्यायधीशहरूको नाम, थर लगाएतका विवरण र त्यसको आधार र कारण तथा जाँचवुझवाट विभागीय कारवाही भएका न्यायधीशहरूको नाम, थर लगाएतका विवरण र त्यसको आधार र कारणको सूचना न्यायपरिषदबाट माग गरेका थिए । न्यायपरिषदले ती सूचना दिन आनाकानी गरेपछि आयोगको निर्णय र आदेशबाट पत्रकार लुइँटेलले माग गरेका सबै सूचना प्राप्त गरेका थिए ।[ट]

सार्वजनिक निकायमा भएका सूचनामध्ये आमनागरिकले आफूसँग सरोकार राख्ने वा आफ्ना व्यक्तिगत सूचना माग्ने गर्छन् । अधिकांश व्यक्तिले सार्वजनिक सूचना प्रायः माग्दैनन् । आमनागरिक सार्वजनिक महत्वका सूचनाको लागि प्रेसमाथि भर पर्छन् । यसैले सूचनाको हक पत्रकारको विशेष हक नभएता पनि सार्वजनिक हित र चासोको रखवारी गर्ने प्रेसले यो अधिकारको प्रयोग र कार्यान्वयन गर्न विशेष प्रयास गर्नु आवश्यक हुन्छ । अल्प विकसित, अल्प साक्षर र अल्प शिक्षित समाजमा त झन पत्रकारहरूले नै नागरिकको लागि नागरिकको तर्फबाट यो अधिकारको प्रयोग व्यापक रूपमा गर्नु पर्ने हुन्छ ।

भारतीय प्रेस काउन्सिलका पूर्व अध्यक्ष न्यायाधीश पी.सी. सरकारियाको भनाइमा, “लोकतन्त्रमा स्वतन्त्र प्रेसले प्रमुख भूमिका खेल्छ । यसले जनतालाई सरकारको कामकार्वाहीबारे सूचित गर्ने काम मात्रै गर्दैन, सार्वजनिक महत्वका विषयको प्रसार र विभिन्न दृष्टिले विश्लेषण गर्छ । साथै यी कुराहरूलाई सरकारसमक्ष पुऱ्याउने काम पनि गर्छ । सरकारी सूचनामा स्वतन्त्र पहुँच भएको खण्डमा मात्रै चौथो अंगले यो दुईतर्फी कर्तव्य पालन गर्नसक्छ ।”[टट]

## सूचना अधिकार के हो ?

सन् १९४६ मा संयुक्त राष्ट्र संघले एउटा प्रारम्भकालीन प्रस्ताव पारित गरेको थियो । त्यो प्रस्तावमा भनिएको थियो : “सूचनाको हक मानिसको मौलिक अधिकार हो ... यो संयुक्त राष्ट्र संघ जुन स्वतन्त्रताका लागि समर्पित छ ती सबै स्वतन्त्रतालाई जाँच्ने आधार/कसी हो ।”[टटट]

मानवअधिकार घोषणाको धारा १९ मा सूचना माग्ने, पाउने र बाँडने अधिकारलाई यसरी समेटिएको छ : “हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता छ । यो अधिकारभित्र कुनै बाधा बिना कुनै पनि विचार मान्ने र कुनै पनि माध्यमबाट र सीमाको बन्धनबिना सूचना खोज्ने, पाउने र बाँडने स्वतन्त्रता पर्छ ।”

नेपालको सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा “सूचना” भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्वन्धी कारवाही वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्झनुपर्छ भनी परिभाषित गरिएको छ ।

त्यसै गरी “सूचनाको हक” भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार सम्झनुपर्छ र सो शव्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत् प्राप्त गर्ने अधिकारसमेतलाई जनाउँछ ।

सूचनाको हकको आशय हो : क) सार्वजनिक निकायको काम, कागतपत्र (डकुमेन्ट), अभिलेख (रेकर्ड) हेर्ने/जाँच्ने (Inspect) । ख) डकुमेन्ट वा रेकर्डको टिपोट लिने, उद्धृत अंश (Extracts) लिने/उद्धृत गर्ने, प्रमाणित प्रतिलिपि लिने । ग) कुनै वस्तु/सामान (Materials) को प्रमाणित नमूना लिने । घ) मुद्रित, डिस्केट, पेनड्राइभ, टेप, भिडियो क्यासेट वा कुनै पनि इलेक्ट्रोनिक रूपमा वा मुद्रणमार्फत् सूचना प्राप्त गर्ने । अर्थात् सूचनाको हकअन्तरगत ऐनले निषेध गरेको बाहेकका माथि उल्लिखित सूचना आमनागरिकले माग्न र पाउन सक्छन् ।

सूचना अधिकार अर्थात् सार्वजनिक निकायमा भएका सूचनामा व्यक्तिको पहुँचको अधिकारले मान्यता पाउनुका विभिन्न कारण छन् :

१) सूचना अधिकारले अन्तरराष्ट्रिय मानवअधिकार तथा संवैधानिक कानुनमा मौलिक अधिकारको रूपमा मान्यता र संरक्षण पाएको छ ।

२) सार्वजनिक निकायहरूलाई जिम्मेदार र पारदर्शी बनाउनु यसको महत्वपूर्ण भूमिका छ ।

३) राज्यका कामकारवाहीमा नागरिकको सहभागिता प्रभावकारी बनाउन यसको आवश्यकता छ ।

४) सूचना अधिकारबिना लोकतन्त्रलाई संचालन गर्ने र मानवअधिकारलाई संरक्षण गर्ने सम्पूर्ण प्रणाली ठिकसँग चल्न सक्तैन । यस अर्थमा सूचनाको हकलाई यस्तो मौलिक अधिकारको रूपमा लिइन्छ जुन अधिकारमाथि अरू अधिकार निर्भर रहन्छन् । यसैले लोकतन्त्रको लागि यो अपरिहार्य अधिकाको रूपमा रहेको छ ।

सूचना अधिकारको संवैधानिक स्रोत वा आधार अभिव्यक्ति स्वतन्त्रताको मौलिक अधिकार हो । अभिव्यक्ति स्वतन्त्रताअन्तर्गत सूचना र विचार माग्ने, पाउने र बाँडने अधिकार पर्छन् । तर कुनैकुनै देशका संविधानमा अभिव्यक्ति स्वतन्त्रताको अधिकार र सूचनाको अधिकारलाई बेग्लाबेग्लै रूपमा पनि राखिएको पाइन्छ ।

सूचना अधिकार प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि यो अधिकार संविधानमा भएर मात्रै हुँदैन यससम्बन्धी कानुन बन्नु पर्छ ।

विभिन्न देशका अदालतले सूचनाको हक कार्यान्वयन गर्ने सम्बन्धमा गरेका निर्णयहरू, विभिन्न देशका सूचनाको हकसम्बन्धी कानुनहरूबाट सूचनाको हकसम्बन्धी नीति, कानुन र नियमहरू कस्तो हुनु पर्छ भन्ने आधार र न्युनतम स्तरबारे केही मान्यताहरू स्थापित भइसकेका छन् ।

**सूचना अधिकार नीति तथा कानुनमा हुनु पर्ने न्युनतम मान्यताहरू :**

१) अधिकतम खुलापन (म्याक्सिमम डिस्क्लोजर) को सिद्धान्तलाई पालन गर्ने दरिलो प्रतिवद्धता हुनु पर्छ ।

२) 'सूचना' र 'सार्वजनिक निकाय' को फराकिलो परिभाषा हुनु पर्छ ।

३) सार्वजनिक गर्ने भनी निर्धारित प्रकार/वर्गका सूचनाहरू प्रकाशन गर्ने जिम्मवारी सकारात्मक रूपमा बहन/पालन गर्नु पर्छ । सार्वजनिक निकायले निकायमा रहेका सूचनाहरू नियमित रूपमा स्वयंसक्रिय भई सार्वजनि गर्नु पर्छ ।

४) सार्वजनिक गर्न नपर्ने सूचनाको वर्गभित्र अर्थात् अपवादका रूपमा सकेसम्म थोरै सूचना राख्नु पर्छ र भ्रम नपर्ने गरी स्पष्ट रूपमा राख्नु पर्छ । सूचना सार्वजनिक गर्दा हुने हानीको परीक्षण कडाइका साथ गरिनु पर्छ र अरू कारण वा तर्क भन्दा सार्वजनिक हितको कारण वा तर्कले मान्यता पाउनु पर्छ ।

५) सूचना अधिकार कानुनको कार्यान्वयनको अनुगमन गर्ने स्वतन्त्र प्रशासनिक निकाय हुनु पर्छ ।

यी आधारका साथै अन्य केही आधारहरू पनि आवश्यक ठानिएको छ । जस्तै :

१) सार्वजनिक निकायहरूले सक्रियतापूर्वक खुला प्रशासन/सरकारलाई प्रवर्द्धन गर्नु पर्छ । सार्वजनिक निकायका बैठकहरू आमनागरिकका लागि खुला हुनु पर्छ ।

२) सूचनाको मागमाथि सकेसम्म छिटो र निष्पक्ष/विवेकपूर्वक कार्वाही गर्नु पर्छ । सूचना दिन इन्कार गरिएको विषयमा स्वतन्त्रतापूर्वक सुन्ने/छानबिन गर्ने व्यवस्था हुनु पर्छ ।

३) सूचना माग्ने र पाउने व्यवस्था सरल हुनु पर्छ । सूचना माग्दा धेरै आर्थिक, कानुनी तथा अन्य वाधा व्यवधार खडा गरेर सूचना माग्ने कामलाई दुरुत्साहित गरिनु हुँदैन ।

४) अधिकतम खुलापनको सिद्धान्तसँग बाझिने कानुनहरू संशोधन गर्नु वा खारेज गरिनु पर्छ ।

५) अनियमितता, भ्रष्टाचारको सूचना दिने, शंखघोषकहरूको संरक्षण गरिनु पर्छ ।

राज्यका निकायहरूमा भएका सूचनाहरूमा नागरिकको पहुँचको अधिकारलाई स्विडेनको कानुनले सन् १७६६ मा नै मान्यता दिइसकेको थियो ।

हाल आएर विभिन्न राष्ट्रिय सरकारहरू, अन्तरसरकारी निकायहरू तथा अन्तरराष्ट्रिय निकायहरूले सार्वजनिक निकायमा भएका सूचनामा व्यक्तिको पहुँचको अधिकारलाई कार्यान्वयन गर्ने नीति र कानुनहरू लागू गरेका छन् ।

## नेपालमा सूचनाको हक

नेपालमा सूचनाको हकलाई संवैधानिक र कानुनी रूपमा स्थापित गर्न तथा सूचनाको हकसम्बन्धी ऐन निर्माण गर्न अन्तरराष्ट्रिय अनुवन्धहरू, अदालतको सक्रियता, लोकतान्त्रिक आन्दोलन तथा पत्रकार र नागरिकसमाजको आन्दोलनले प्रमुख भूमिका खेलेका थिए । सूचनाको हकबारेमा जनचेतना फैलाउन, सूचनाको हकसम्बन्धी ऐन मस्यौदा गर्नेदेखि पारित गर्ने चरणसम्म नेपाल पत्रकार महासंघ नेपाल प्रेस

इन्स्टिच्युट, फ्रिडम फोरम लगायत विभिन्न निकाय तथा व्यक्तिहरू साथै नागरिक समाजको प्रयास उल्लेखनीय छ ।

नेपालका राष्ट्रिय कानुनहरूले नेपालद्वारा अनुमोदन वा हस्ताक्षर गरिएका अन्तरराष्ट्रिय अनुवन्धहरूलाई संविधान तथा कानुनसरह मान्यता दिने व्यवस्था गरेको कारणले पनि सूचनाको हकलाई नेपालले पालन गर्नु पर्ने वाध्यकारी अवस्था छ । त्यसैले अन्तरराष्ट्रिय अनुबन्धअनुरूप नेपालले प्रचलित ऐनकानुनहरूलाई समय सापेक्ष रूपमा परिमार्जन र संशोधन गर्दै लग्नु पर्ने वाध्यता समेत छ ।

नेपाल अधिराज्यको संविधान २०४७ मा सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा पहिलो पटक स्थापित गरिएको थियो । उक्त संविधानले सार्वजनिक सरोकारका सूचना माग्न पाउने मौलिक अधिकारको व्यवस्था गरेको थियो भने २०६३ सालको अन्तरिम संविधानले “प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ ।” भनेको छ । अर्थात् सार्वजनिक निकायमा रहेका आफ्ना व्यक्तिगत सूचना पनि माग्न र पाउन सकिने व्यवस्था नयाँ संविधानमा गरिएको छ । साथै जनआन्दोलनबाट पुनर्स्थापित व्यवस्थापिका संसद्ले “सूचनाको हकसम्बन्धी ऐन, २०६४” पारित गरेर संविधानले दिएको मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गर्ने कानुनी वातावरण तयार पारेको छ ।

२०४७ सालको संविधानमा सूचनाको हकलाई नागरिकको मौलिक हकको रूपमा स्थापित गरिएपछि सर्वोच्च अदालतबाट सूचनाको हकको पक्षमा महत्वपूर्ण र ऐतिहासिक निर्णयहरू भएका छन् । टनकपुर बाँध सम्बन्धी मुद्दामा सर्वोच्च अदालतको फैसला[ष्ख], शाही शासनकालमा एफएम रेडियोहरूमाथि समाचार सङ्कलन र प्रसारण गर्न रोक लगाई निर्देशन दिइएको विरुद्धमा परेको मुद्दामा सर्वोच्च अदालतको विशेष इजलासले गरेको निर्णय[ख] सूचनाको हकको पक्षमा उल्लेखनीय र महत्वपूर्ण हुन् ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ लागु भएपछि राष्ट्रिय सूचना आयोगले विद्यार्थीले आफ्नो उत्तरपुस्तिका हेर्न पाउनु पर्छ भनी गरेको निर्णयमाथि परेको रिट निवेदनमा सर्वोच्च अदालतबाट राष्ट्रिय सूचना आयोगको निर्णयको पक्षमा भएको आदेशमा गरिएको सूचनाको हकको व्याख्याले सूचनाको हकसम्बन्धी ऐनलाई स्थापित गर्नुका साथै ऐनलाई व्यापक एवं प्रभावकारी बनाउने काममा महत्वपूर्ण भूमिका खेलेको छ । आदेशमा अन्तरिम संविधानमा भएको धारा २७ को व्याख्याबाट अन्य प्रचलित ऐनको तुलनामा सूचना माग्ने र पाउने विषयमा सूचनाको हकसम्बन्धी ऐनले प्राथमिकता पाउने कुरालाई मान्यता दिएको छ ।[खष]

यसरी झण्डै साठी वर्षको वैधानिक, कानुनी तथा राजनीतिक संघर्षको फलस्वरूप नेपाली नागरिकले सूचनाको हक उपभोग गर्ने कानुनी परिवेश तयार भएको छ ।

## सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा सूचना माग्ने र पाउने व्यवस्था

### सूचनाको हकसम्बन्धी ऐन, २०६४ को उद्देश्य :

नेपालको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रस्तावनामा ऐनको उद्देश्य यसरी स्पष्टसँग राखिएको छ :

- सरकारको काम खुला र पारदर्शी बनाउनु,
- सरकारी तथा सार्वजनिक निकायहरूलाई नागरिकप्रति जवाफदेही बनाउनु,

- सार्वजनिक निकायमा रहेका सार्वजनिक महत्वका सूचनामा आमनागरिकको पहुँच सजिलोसँग पुर्‍याउनु,
- नागरिकको सुसूचित हुने हक लागू र संरक्षण गर्नु,
- राज्य र नागरिकको हितमा प्रतिकूल प्रभाव पार्ने सूचनाको संरक्षण गर्नु ।

ऐनको उद्देश्यमा सरकारको काम खुला, पारदर्शी बनाउनु भनी लेखिएता पनि ऐनले सरकारी कार्यालयबाट मात्रै होइन कुनै पनि सार्वजनिक निकायबाट सार्वजनिक सरोकारका सूचनाका साथै आफ्नो सरोकारका सूचना माग्न र पाउन सक्ने व्यवस्था गरेको छ ।

**सूचनाको हकसम्बन्धी ऐनको महत्व**

सूचनाको हकसम्बन्धी ऐनले जनतालाई सूचना माग्ने र पाउने धेरै अधिकार दिएको छ । यसले सरकार र अन्य सार्वजनिक निकायहरूमा रहेका आफ्नो सरोकारका सूचनामा पहुँच पाउने अधिकार दिन्छ । ती निकायहरूको गतिविधि थाहा पाउने र संस्थाहरूभित्र हुने अनियमितता, भ्रष्टाचारको जानकारी सार्वजनिक गर्ने अधिकार दिन्छ । संसद अथवा कानुन बनाउने र सरकार चलाउने निकायहरूले के गरिरहेका छन् त्यहाँ के भइरहको छ भनी हेर्ने, सुन्ने र जान्ने अधिकार दिन्छ । अदालतभित्र के भइरहेको छ भनी थाहा पाउने अधिकार दिन्छ । साथै आर्थिक, वातावरणीय, स्वास्थ्य र औषधी, व्यक्तिगत र सामाजिक सुरक्षा इत्यादि जनसरोकारका सबै विषयमा थाहा पाउने अधिकार दिन्छ ।

सारमा : सूचनाको हकको प्रभावकारी कार्यान्वयन भयो भने यसले नागरिकलाई यस्तो समाजमा बाँच्न सहयोग गर्छ जहाँ भ्रष्टाचार कम हुन्छ, भोकबाट मर्ने सम्भावना कम हुन्छ, मानवअधिकार, व्यक्तिको गोपनीयताको अधिकार, वातावारणको सम्मान हुन्छ ।  समाज बढी स्वस्थ र सुखी हुन्छ । भोकबाट मुक्त र स्वस्थ समाजमा बाँच्न सघाउँछ । देश बढी सुरक्षित हुन्छ । राजनीतिक व्यवस्था बढी लोकतान्त्रिक हुन्छ । सरकार र प्रशासन बढी सक्षम र उत्तरदायी हुन्छ । निर्णय प्रक्रिया बढी लोकतान्त्रिक हुन्छ । अर्थतन्त्र सक्षम, पारदर्शी र जिम्मेवार हुन्छ । सार्वजनिक निकायहरूले नागरिकहरूलाई झन राम्रो, जिम्मेवारयुक्त र संवेदनशील व्यवहार गर्छन् ।

**सूचना र सूचनाको हकसम्बन्धमा ऐनले गरेका केही महत्वपूर्ण परिभाषा :**

*सूचना :* ऐनले 'सूचना' भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्वन्धी कारवाई वा निर्णयसँग सम्बन्धित कुनै लिखत, सामग्री वा जानकारी सम्झनु पर्छ भनेको छ । साथै ऐनको दफा ३० को उपदफा (१) र  (२) ले सार्वजनिक निकायमा रहेका सार्वजनिक सूचना मात्रै होइन नागरिकले आफूसँग सम्बन्धित व्यक्तिगत सूचना पाउने व्यवस्था पनि गरेको छ । [खष]

*सूचनाको हक :*'सूचनाको हक' भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार सम्झनु पर्छ र सो शव्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्र मार्फत प्राप्त गर्ने अधिकार समेतलाई जनाउँछ ।

*सार्वजनिक निकाय :*ऐनको दफ ३ को उपदफा (१) र (२) ले प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक हुने र सार्वजनिक निकायमा रहेका सूचनामा प्रत्येक नेपाली नागरिकको पहुँच हुने सुनिश्चित गरेको छ

। ऐनले सूचनाको हकसम्बन्धी ऐन पालन गर्न वाध्य निम्नलिखित प्रकारका निकायहरूलाई सार्वजनिक निकाय भनी तोकेको छ :

> (१) संविधान अन्तर्गतका निकाय, (२) ऐनद्वारा स्थापित निकाय, (३) नेपाल सरकारद्वारा गठित निकाय, (४) कानूनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान, (५) प्रचलित कानून बमोजिम दर्ता भएका राजनैतिक दल तथा संगठन, (६) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त संगठित संस्था, (७) नेपाल सरकार वा कानूनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको सङ्गठित संस्था, (८) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तरराष्ट्रियसंघ/संस्थाबाट रकम प्राप्त गरेर सञ्चालन भएका गैरसरकारी संघ/संस्थाहरू, (९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था ।[खछछ]

यसरी ऐनले सबै संवैधानि, सरकारी, राज्यको कोषबाट सहयोग लिने तथा जनताको नाममा सहयोग लिने कानुनद्वारा स्थापित निकायका साथै राजनीतिक दलहरू र विभिन्न स्तरका गैरसरकारी निकायहरूलाई पनि सूचनाको हकसम्बन्धी ऐन परिपालन गर्नु पर्ने निकायको रूपमा तोकेको छ ।

**राष्ट्रिय सूचना आयोगको व्यवस्था :**

सूचनाको हक कार्यान्वयन गराउनका लागि ऐनमा एउटा स्वतन्त्र निकाय 'राष्ट्रिय सूचना आयोग' को व्यवस्था गरिएको छ । आयोगको न्यायिक, अनुगमनकारी र प्रवर्द्धनकारी, तीन प्रकारको जिम्मेवारी छ । राष्ट्रिय सूचना आयोगको गठन व्यवस्थापिका संसदका सभामुखको अध्यक्षतामा सूचना तथा संचार मन्त्री र नेपाल पत्रकार महासंघका अध्यक्ष सदस्य भएको तीन सदस्यीय समितिको सिफारिसमा नेपाल सरकाले गठन गर्छ । आयोगलाई विघटन गर्ने अधिकार पनि संसदसँग मात्रै छ । सूचना माग्ने र पाउने विषयमा सूचनाको हकसम्बन्धी ऐन नै प्रभावकारी हुने व्यवस्था भएको र सूचना उपलब्ध गराउने सम्बन्धमा आयोगको निर्णय नै अन्तिम हुने व्यवस्था भएकोले नेपालमा सूचनाको हक कार्यान्वयन गर्ने कानुनी वातावरण कतिपय लोकतान्त्रिक मुलुकका भन्दा बढी अनुकूल छन् ।

**शंखघोषकको सुरक्षा**

ऐनको दफा २९ ले सूचनादाताको संरक्षण गर्ने व्यवस्था गरेको छ जस अनुसार कुनै सार्वजनिक निकायमा भएको वा भइरहेको वा हुनसक्ने भ्रष्टाचार, अनियमितता र प्रचलित कानुन बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिनु सम्बन्धित सार्वजनिक निकायका कर्मचारीको दायित्व बनाइएको छ । यसरी आफ्नो निकायको सूचना दिएको कारणले त्यस्तो सूचनादातालाई पदबाट मुक्त गर्न वा कुनै किसिमको कानुनी दायित्व बहन गराउने गरी सजाय गरिने वा हानी नोक्सानी पुर्‍याउने नहुने र यदि सूचनादातालाई पदमुक्त गरेको भए त्यस्तो निर्णय बदर गर्न र सूचनादातालाई कुनै नोक्सानी पुगेको रहेछ भने आयोगले क्षतिपूर्ति भराउनसमेत आदेश दिन सक्ने व्यवस्था छ । ऐनको यो विशेष व्यवस्था अनियमितता र भ्रष्टाचारलाई लक्षित गरी बनाइएको देखिन्छ । यो दफालाई शंखघोषकको संरक्षण गर्ने कानुन (Whistleblower's Act) पनि भनिन्छ ।

**सार्वजनिक निकायबाट सूचना सार्वजनिक वा उपलब्ध गराउने व्यवस्था :**

ऐनमा सार्वजनिक निकायमा भएका सूचना नागरिकलाई उपलब्ध गराउने दुइटा व्यवस्था छन् । सार्वजनिक निकायहरूले निकायसम्बन्धी विभिन्न प्रकारका सूचना निकाय आफैले स्वयंसक्रिय भई

तीनतीन महिनामा विभिन्न संचार माध्यमबाट सार्वजनिक गर्नु पर्छ । यदि दिन नमिल्ने सूचना छन् भने त्यस्ता सूचना वर्गीकरण गरेर राख्नु पर्छ । साथै नागरिकले सार्वजनिक महत्वका सूचना र सार्वजनिक निकायमा भएका आफूसँग सम्बन्धित सूचना माग्न र पाउन सक्छ । यसरी मागेर नपाएको खण्डमा वा चित्तबुझ्दो तरिकाले सूचना नपाएको अवस्थामा नागरिकले राष्ट्रिय सूचनामा पुनरावेदन, निवेदन वा उजुरी गरी सूचना माग्न र पाउन सक्छ । आमनागरिकलाई सूचना प्रवाह र उपलब्ध गराउन सबै सार्वजनिक निकायमा सूचना अधिकारी राख्नु अनिवार्य छ ।

**पुनरावेदनको व्यवस्था :**

सार्वजनिक निकायमा सूचना माग्दा नपाएमा वा चित्तबुझ्दो सूचना नपाएको अवस्थामा नागरिकले राष्ट्रिय सूचना आयोगमा पुनरावेदन, उजुरी गर्ने र आयोगले सूचना दिलाउने व्यवस्था छ । यो व्यवस्थाअनुसार आयोग गठन भएको पहिलो वर्ष अर्थात् आर्थिक वर्ष २०६५/२०६६ मा १२ वटा पुनरावेदन, उजुरी परेका थिए । त्यस्तै, आर्थिक वर्ष २०६६/२०६७ मा ३९ वटा; आर्थिक वर्ष २०६७/२०६८ मा ४७ वटा र आर्थिक वर्ष २०६८/२०६९ मा १०९ वटा पुनरावेदन, उजुरी परेका थिए ।[ञ□]

## सूचनाको हक : प्रेसको नयाँ र शक्तिशाली औजार

जनताले प्रेसबाट विभिन्न प्रकारका समाचार र विचारको अपेक्षा गर्छन् । समाजमा भइरहेका महत्वपूर्ण विषयहरूबारे प्रेसले जानकारी गराइराखोस् भन्ने उनीहरू चाहन्छन् । संसदमा कुनै कानुन पास हुन लागेको छ, अदालतमा महत्वपूर्ण मुद्दामा बहस भइरहको छ, सरकारले कुनै महत्वपूर्ण आर्थिक नीति बनाउँदैछ वा मन्त्रीलाई भ्रष्टाचारको आरोप लागेको छ भने प्रेसले ती विषयमा सूचित गरोस् भन्ने आमजनताले आशा गर्छन् । यसैले प्रेसले आफू सूचित भएर जनतालाई सुसूचित गर्नका लागि सूचनाको हक ऐनको उपयोग गर्छ ।

कुनै पनि देशको सूचनाको हक ऐनले प्रेसलाई बेग्लै वा विशेष व्यवहार गर्दैन, न त कुनै संस्था वा पदाधिकारीलाई विशेष व्यवहार गर्छ । कसैलाई पनि यो अधिकार व्यक्ति वा नागरिकको हैसियतले प्राप्त हुन्छ । यो अधिकार पत्रकार वा प्रेसको विशेष अधिकार होइन । सूचना अधिकार कानुन लागू भएका देशमा पत्रकारहरूले यो अधिकार आमजनताको तुलनामा १० देखि २० प्रतिशत सम्म मात्र प्रयोग गरेको देखिन्छ ।[हहष] तैपनि यो अधिकारको प्रयोगमा प्रेस र पत्रकारको विशेष भूमिका छ । सूचनाको हक कानुनले पत्रकारहरूलाई सूचना पाउन सजिलो बनाएको छ । यसले पत्रकारसँग सरकारको व्यवहार सम्मानपूर्ण बनाउन पनि सघाउँछ । वास्तवमा सूचना अधिकारको कानुनले प्रेसलाई सही र नैतिक तरिकाले पत्रकारिता गर्ने नयाँ अवसर प्रदान गरेको छ ।

***प्रेसले सूचना प्राप्त गर्ने परम्परागत उपायका खतराहरू :***

सरकारी निकायबाट सूचना पाउनु जहाँ पनि सँधै समस्या हुन्छ । सूचना शाखा, जनसम्पर्क गर्ने निकाय वा प्रवक्ताहरूको व्यवस्था भएका सरकारी निकायहरूबाट पनि सजिलैसँग सूचना पाइँदैन । आफूलाई अप्ठ्यारो पर्ने सूचना दिन कोही पनि तयार हुँदैन । कतैबाट सूचना प्राप्त भए पनि त्यसलाई उपयोग गर्न सकिने गरी वा समाचार बनाउन मिल्ने गरी पूर्ण सूचना प्राप्त हुँदैन । प्रायः भ्रमात्मक सूचना प्राप्त हुन्छ । एउटै निकायमा मात्र भर नपरी विभिन्न निकायबाट सूचना प्राप्त गर्नु, प्राप्त सूचनाको सत्यता विभिन्न निकायबाट परीक्षण गर्नु जस्ता पत्रकारले पालन गर्नु पर्ने आधारभूत आचरणहरू पालन गर्न पत्रकारले धेरै मेहनत गनु पर्ने हुन्छ ।

सूचना अधिकारको कानुन लागू नभएका र कतिपय कानुन लागू भएका मुलुकमा पनि पत्रकारहरूले मन्त्री वा उच्चपदस्थ कर्मचारीसँग व्यक्तिगत सम्बन्ध स्थापना गरेर सूचना पाउने प्रचलन छ । तर यो व्यवस्था सरकार, पत्रकार र अडियन्स (पाठक, श्रोता, दर्शक) सबैको लागि उत्तिकै हितकर हुन सक्दैन । यस्तो उपाय पूर्ण विश्वसनीय र स्थायी पनि हुँदैन । यस्तो व्यवस्थामा सूचनादाताको हित यसमा गाँसिएको हुन सक्छ । कतिपय अवस्थामा सूचनाको स्रोत र पत्रकारबीचको अवांछनीय सम्बन्धको अप्रत्यक्ष प्रभाव सूचनामा परेको हुन्छ ।

व्यक्तिगत सम्पर्क/सम्बन्धको आधारमा प्राप्त हुने सूचनामा कसैको व्यक्तिगत हित, गुणगान वा प्रसंशा वा स्वार्थ लुकेको हुन सक्छ । कथित 'विश्वसनीय स्रोत' ले कसैसँग रिस फेर्न वा पेटको किरा मार्न वा असन्तोष पोख्न पनि सूचना दिन सक्छ । पत्रकार अनजानमा कसैको हतियार बनेको हुनसक्छ । समाचारको स्रोतको रक्षा गर्ने पत्रकारिताको नैतिक आचरणको आडमा अपराधी लुकाउने काम पनि हुनसक्छ । जुन व्यक्तिको अनियमितताको भण्डाफोर हुनुपर्थ्यो त्यही व्यक्ति समाचारको स्रोत बनेको हुनसक्छ ।

व्यक्तिगत सम्पर्कको आधारमा सूचना पाउने तरिकामा अर्को पनि खतरा छ । सूचनादाताले भनेभनेको वा उसको अनुकूल समाचार प्रकाशित हुँदासम्म उसले पत्रकारलाई स्वागत गर्छ । तर उसलाई मन नपर्ने समाचार वा उसको वा उसको कार्यालयको अनियमितताको समाचार खोतल्न खोज्यो भने उसले पत्रकारसँग सम्बन्ध तोड्न सक्छ । यस्तोमा पत्रकार कुनै कर्मचारीको कठपुतली बन्ने संभावना हुन्छ ।

***सूचनाको हकसम्बन्धी ऐनले उपलब्ध गराएको अवसर :***

सूचनाको हकसम्बन्धी ऐनले पत्रकारलाई व्यक्तिगत सम्बन्धको आधारमा समाचार प्राप्त गर्नुपर्ने वाध्यतालाई मेटिदिएको छ । यसले पत्रकारलाई सूचनाको नयाँ र भरपर्दो आधार प्रदान गर्छ । यो ऐनका आधारमा उसले विशेष समाचार भेट्टाउन सक्छ । खोजी पत्रकारितालाई पनि यसले निक्कै सघाउ पुर्‍याउँछ । "सूचनाको स्वतन्त्राले सरकारले कसरी काम गर्छ भन्ने विषयमा मिडियालाई खोजी पत्रकारिता गर्न पनि महत्वपूर्ण साधन उपलब्ध गराउँछ । बेलायतमा सूचनाको स्वतन्त्रता ऐन २००० को उपयोग गरेर सरकारी फाइलमा लुकेका हजारौँ समाचारहरू बाहिर आए । अरू देशमा पनि यस्ता उदाहरणहरू पाइन्छन् । यो कानुन लागू नभएको भए यस्ता समाचार बाहिर आउने थिएनन् ।"

समाचारको एउटा प्रचलित परिभाषा अनुसार "जुन कुरा लुकाउन खोजिन्छ त्यो समाचार हो । अरू सबै विज्ञापन हो ।" सूचनाको हक ऐनले लुकाउन खोजेको कुरालाई पत्ता लगाउन सघाउँछ । कुनै विषयमा सूचना दिन कसैले इन्कार गर्‍यो वा अधुरो समाचार दियो भने पत्रकारले कहाँ गडबडी छ भन्ने अनुमान लगाउन सक्छ । अर्थात् यसले समाचारको क्लु दिन्छ ।

सूचना अधिकारको कानुनले सबै सरकारी निकायमा भएका र प्रेसलाई चाहिने सही र यथेष्ठ सूचना प्रवाहित र उपलब्ध गराउन सार्वजनिक निकाय र सार्वजनिक पदमा बसेका पदाधिकारीहरूलाई वाध्य पार्छ ।

प्रत्येक सार्वजनिक निकायको कामको बारेमा सूचना माग्ने र पाउने जनताको अधिकारले प्रेसको अधिकारलाई पनि सबल र सुनिश्चित गर्छ ।

सूचनाको हकसम्बन्धी कानुनले सबै सार्वजनिक निकायहरूमा सूचना अधिकारी नियुक्त गर्न, सूचना अधिकारीहरूलाई प्रेससँग व्यवहार गर्ने दक्षता अर्थात् जनसम्पर्क सीप प्रदान गर्न र सूचना निकायहरू

स्थापना गर्न वाध्य पार्छ । यसरी सार्वजनिक महत्वका सूचना कुनै व्यक्तिसँग विशेष सम्बन्ध कायम गरेर पाउनु पर्ने पत्रकारको वाध्यतालाई यो कानुनले समाप्त पारेको छ ।

*प्रेस स्वतन्त्रता र जनताको स्वतन्त्रता*

प्रेसले सार्वजनिक निकायसँग सूचना माग्नु भनेको आफ्नो लागि नभएर आफ्ना अडियन्स (पाठक, श्रोता र दर्शक) का लागि हो । एक प्रकारले पत्रकारहरूले जनताको प्रतिनिधि भएर यो अधिकार मागेका हुन् । विचार र अभिव्यक्तिको स्वतन्त्रता, सूचनाको स्वतन्त्रता जस्तै प्रेस स्वतन्त्रता पनि आमजनताको लागि हो । प्रेसले आमजनताको प्रतिनिधिको रूपमा यो स्वतन्त्रता उपयोग गर्ने हुनाले प्रेसले यी स्वतन्त्राहरूको बढी उपयोग गर्ने गरेको हो ।

*सूचना अधिकार : प्रेसको सीमा र समस्या*

आमसंचार माध्यमको रूपमा प्रेसले प्रवाह गर्ने समाचारका लागि चाहिने सूचना र आमजनतालाई चाहिने व्यक्तिगत वा थोरै व्यक्ति प्रभावित हुने सूचना फरक हुनु स्वाभाविक छ । अर्थात् प्रेसले अडियन्सलाई दिने सूचना र आमअडियन्सलाई चाहिने सूचनाबीच धेरै भिन्नता हुनसक्छ ।

अर्गनाइजेसन फर सेक्युरिटी एण्ड कोअपरेसन इन युरोपको रिपोर्टअनुसार "सरकारका गतिविधिहरूका बारेमा आमजनताका लागि सूचना खोज्ने र पाउने प्रेसको क्षमता तीन वटा कुरासँग गाँसिएको छ : १) सूचनामा पहुँच, २) सरकारी गोपनीयता र ३) पत्रकारहरूको स्रोतको संरक्षण । यी तीन क्षेत्र आपसमा सम्बन्धित छन् । सूचनामा पहुँचको अधिकार तथा सरकारी गोपनीयता कानुन दुबैले सूचनामा पहुँचलाई निर्धारित गर्छ । सरकारी गोपनीयता कानुन कडा भयो भने लिखतहरू चुहिने/फुस्किने सम्भावना बढ्छ र यसले पत्रकारको स्रोतको सुरक्षा गर्नुपर्ने आवश्यकता बढाउँछ ।

"सरकार सकेसम्म पारदर्शी/खुला हुनु पर्ने र पत्रकारहरूले पनि संवेदनशील सूचनाहरूको संरक्षण गर्नु पर्ने काम बीच सन्तुलन आवश्यक छ ।"[xii]

सूचना लिने र दिने काममा प्रेसभित्र दुई प्रकारका समस्या देखिन्छन् । एक खालको समस्या प्रेसको आफ्नै व्यवस्थापनसँग सम्बन्धित छ भने अर्को समस्या विश्वसनीयताको हो । पहिलो समस्या प्रेसको स्वामित्वसँग छ । प्रेसले आफ्ना आवश्यकताहरू कसरी पूरा गर्छ भन्ने विषयले त्यसले गर्ने कामलाई प्रभावित गर्छ । प्रेसको विश्वसनीयताको समस्यालाई पहिलो समस्या र अन्य परिस्थितिले पनि प्रभाव पार्छ । यिनै समस्या तथा कारणहरूले गर्दा प्रेसले आममानिसको समस्या र रुचिलाई भन्दा शक्तिमा भएका मानिसहरूका कुरामा ध्यान दिन पुग्छन् ।

शक्तिमा भएका मानिसहरूसँग राजनीतिक वा राज्य शक्ति मात्रै होइन आर्थिक र वैचारिक शक्ति पनि हुन्छ । तिनीहरू धेरैजसो सहरी इलाकामा बस्छन्, र शिक्षित/बौद्धिक र सम्पन्न व्यक्तिसँग त्यस्ता शक्तिहरूको बढी सरोकार हुन्छ । यसैले गाउँका र विपन्न जनताको बारेमा चासो लिने पत्रकारहरू कमै हुन्छन् । तिनका समाचार छाप्न तयार हुने सम्पादकहरू झन थोरै छन् ।

प्रेसको स्वभाव नै पावरसँग रमाउनु हो । त्यो पावर (शक्ति) राजनीतिकमात्रै नभएर आर्थिक तथा सामाजिक पनि हुनसक्छ । तर कुनै पनि पावर आमजनता, खास गरी गाउँमा बस्ने र स्रोत साधनबाट बंचित जनताको हातमा पुर्‍याउने कुरामा प्रेस मालिकको स्वार्थ र पत्रकारहरूको बौद्धिक विलासमा रमाउने ठूलो जमातको रुचि बाधक बन्नसक्छ ।

सार्वजनिक निकायहरूलाई जिम्मेवार र पारदर्शी बनाउन लागि पर्ने प्रेस स्वयं आफ्नो जिम्मेवारी र पारदर्शिताप्रति कत्तिको सजग छ ? अन्य सार्वजनिक निकायहरूले झैँ मिडिया हाउसहरूले आफ्नो आम्दानी खर्च सार्वजनिक गर्नु पर्छ कि पर्दैन ? त्यस्तै मिडियाले कुनै कार्यक्रम वा समाचार कसरी छान्छ, त्यसको प्राथमिकता के हो भन्ने कुरा अडियन्सले थाहा पाउनु पर्छ कि पर्दैन ?

मिडिया निजी क्षेत्रले संचालन गर्दैमा प्रेस स्वतन्त्र हुन्छ भन्न सकिन्न । मिडिया हाउसको आफ्नै रुचि, स्वार्थ र नीति तथा मिडिया मालिकहरूको आपसी स्वार्थ र अस्वस्थ प्रतिस्पर्धाले पनि मिडियामा प्रस्तुत गरिने विषयवस्तु, समाचारमा प्रभाव पार्छ ।

आमजनतालाई सूचनाको अधिकारबाट बंचित गर्ने अर्को समस्या हो मिडियाको व्यापारीकरण । अहिले आमसंचार ठूलो व्यापारको बस्तु बनेको छ । व्यापारिक मिडियाका उत्पादन र सेवाहरू धेरैजसो साझा हितको भावनामा भन्दा नाफा कमाउने उद्देश्यले गरिएका हुन्छन् । विश्वको मिडिया बजार व्यापक रूपमा सीमित संख्याका ठूला व्यापारिक संस्थाहरूको नियन्त्रणमा छ । ती भीमकाय संस्थाहरू विभिन्न उद्योग, व्यापार, व्यवसाय र कारोबार गर्ने संस्थाहरू मिलेर बनेका छन् । यसले सूचनाको प्रवाहको विविधता र स्वनिर्भरतालाई खतरामा पारेको छ ।

जनतालाई सही सूचना दिएर सही निर्णय गर्नसक्ने बनाउने प्रेसको विशेषता हो । साथै यसले राज्यका विभिन्न अंगको निगरानी गरेर सही लोकतन्त्रलाई अस्वस्थ हुनबाट जोगाउँछ । यिनै विशेषताले गर्दा प्रेस लोकतन्त्रको अभिन्न अंग बनेको हो ।

अधिनायकवादी राजनीतिक व्यवस्थामा र कतिपय अवस्थामा लोकतान्त्रिक व्यवस्था भएका मुलकहरूमा पनि राज्यबाट प्रेस स्वतन्त्रतामाथि खतरा हुने गरेको छ । तर अहिले आएर व्यापारिक स्वार्थबाट प्रेस स्वतन्त्रतामाथि खतरा बढ्दै गएको छ । खतरा जोबाट भए पनि प्रेसस्वतन्त्रताको रक्षक अन्ततोगत्वा जनता नै हो ।

## प्रेसको लागि नयाँ अवसर

अहिलेसम्म सरकारी सूचना प्राप्त गर्न प्रेसले अनेकौं प्रकारका वैधानिक अवैधानिक साधन, गोप्य, विश्वसनीय, शंकास्पद, प्रत्यक्ष, परोक्ष सूत्र प्रयोग गुर्न पर्थ्यो जसको कुनै विश्वसनीयता सुनिश्चित हुँदैनथ्यो । तर अब सूचनाको हकसम्बन्धी ऐनले प्रेसलाई सूचना प्राप्त गर्ने महत्वपूर्ण र वैधानिक औजार र शक्ति दिएको छ । प्रेस स्वतन्त्रताको लागि यो ठूलो उपलब्धि हो ।

नेपाली प्रेसको लागि सूचनाको हक ऐनको प्रयोग नयाँ अनुभव हो । यसको प्रयोग सही तरिकाले सही ठाउँमा गरेर वांछित परिणाम हासिल गर्ने अभ्यास गर्न बाकी नै छ । नयाँ हतियार चलाउन सिक्न समय लाग्नु स्वाभाविक हो । तर लोकतन्त्रका लागि पत्रकारितता गर्नु छ भने यो सीप नसिकी हुँदैन ।

यदि नेपाली प्रेस आफ्नो हातमा परेको यो नयाँ शक्तिको बारेमा सचेत भएन र लोकतन्त्र र जनताको हितमा यसको प्रयोग गरिएन भने यो हकलाई खुम्च्याउने प्रयास सुरु हुन सक्छ । यसबारे नेपाली प्रेस चनाखो हुनु पर्छ । सूचनाको हक सम्बन्धी कानुनलाई कानुनका ठेलीहरूमा बन्द राख्नु हुँदैन प्रचलनमा ल्याएर यसलाई तिखार्नु आवश्यक छ ।

सूचनाको हक कानुन बन्दैमा यो लागू हुन्छ र सबैले खुला र स्वेच्छाले सूचना लिनदिन थाल्छन् भन्न सकिन्न । यसको लागि सांस्कृतिक र मानसिक परिवर्तनको आवश्यकता हुन्छ । सूचनाका सरोकारवाला सबै पक्षले यसको लागि तयारी गर्नु पर्छ । कानुन मात्रै पनि पर्याप्त हुँदैन । कानुनको अक्षरस पालना

गर्दैमा वास्तविक सूचनाको हक लागू हुँदैन । सबैभन्दा मुख्य कुरा हो भावना, विचार र व्यवहारमा परिवर्तन ।

सूचनाको हकसम्बन्धी ऐनको कार्यान्वयसँगै अब कुनै पनि पुराना कानुनको आडमा जनताको सूचनाको हक खोस्न वा सीमित गर्न नपाइने कानुनी परिवेश तयार भएको छ । वास्तवमा सूचनाको हक लगू हुनुअघि र पछिको पत्रकारितामा तात्विक भिन्नता आएको छ । पत्रकार र प्रेसले यो तात्विक भिन्नता र पुरानो परम्परामा आउने अमूल परिवर्तन (यु-टर्न) लाई बुझ्नु आवश्यक छ । यसले पत्रकारलाई नयाँ भूमिका, आधार र अवसर प्रदान गरेको छ ।

---

[i]राष्ट्रिय सूचना आयोगको पुनरावेदनसम्बन्धी आव २०६८/२०६९ को अभिलेखबाट ।

[ii] "Freedom of Information and Official Secrecy", Author: Justice R.S. Sarkaria, Chairman Press Council of India, Makhanlal Chauturvedi Rastriya Patrrkarita Vishwavidyalaya, Bhopal, 1991, page 1.

[iii] **TRANSPARENCY** Freedom of Information **T R A I N I N G M A N U A L** FOR PUBLIC OFFICIALS, ARTICLE 19

[iv]टनकपुर बाँध सम्बन्धी मुद्दामा सर्वोच्च अदालतको फैसलाले नागरिकको सूचना पाउने अधिकारलाई यसरी स्थापित गरेको थिया : (फैसलाको अंश)

“संविधानको धारा १६ ले सार्वजनिक महइभ्वको कुनै विषयमा सूचना माग्ने र पाउने अधिकार देशका प्रत्येक नागरिकलाई प्रदान गरेको छ । सरकारबाट गरिने यस्ता सबै काम कारवाहीहरू जसबाट पूरै राष्ट्रलाई वा सर्वसाधारण जनताको कुनै वर्ग वा समुदायलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पर्न सक्तछ, सार्वजनिक महत्वका हुन्छन्; यस्ता सार्वजनिक महत्वका विषयमा सरकारले अपनाएको नीति र गरेका निर्णय र कामहरूको सम्बन्धमा जानकारी दिने एकातिर सरकारको कर्तव्य हो भने अर्कोतिर त्यस्तो सूचना माग्ने र पाउने नागरिकको अधिकार पनि हो ।” (सर्वोच्च अदालत बुलेटिन, वर्ष १, अङ्क ११, पृ. १ ।)

अरूण तेस्रो मुद्दामा सर्वोच्च अदालतले सूचनाको हकसम्बन्धी कानुनको अभावलाई महसुस गर्दै आफ्नो फैसलामा आठ वटा नियम पालन गर्दै सूचना दिने निर्णय गरेको थियो ।

उक्त नियमहरू ‘आवश्यक नियम कानून नबनेसम्म लागू रहनेछन्’ भनेर त्यस निर्णयले सूचनाको हक ऐन नबनेसम्मका लागि एउटा आधार बनाइदियो भने ‘लिखतहरूको गोप्यतासम्बन्धी कानून लागू नहुँदा सम्बन्धित सबैलाई कठिनाइ र अनिश्चितताको स्थितिमा अल्मलिई रहनुपर्ने हुँदा उक्त कानूनलाई लागू गर्न’ वा अन्य कानूनी व्यवस्था यथाशक्य चाँडो गर्नको लागि सरकारको ध्यानाकर्षण समेत गरेको थियो । (नेपाल कानून पत्रिका २०५१, अङ्क १, पृ. ५८ ।)

[v]शाही शासनकालमा एफएम रेडियोहरूले समाचार सङ्कलन गरेर प्रसारण गर्न रोक लगाएको र कार्यक्रमको विषयमा अनुचित निर्देशन दिइएको विरुद्धमा सूचना र अभिव्यक्तिको अधिकारको हनन भएको भनेर परेको मुद्दामा सर्वोच्च अदालतको विशेष इजलासले सरकारले दिएको निर्देशन बदर गर्दै नागरिकले सूचना पाउने पक्षमा दिएको निर्णयको अंश :

“....... यसैले प्रत्येक नागरिकलाई कुनै पनि सार्वजनिक महत्वको विषयमा आफ्नो विचार तथा अभिव्यक्ति रेडियोद्वारा सार्वजनिक महत्वका विषयमा सूचना पाउने एवं अरूका विचार तथा अभिव्यक्ति प्राप्त गर्ने अधिकार पनि संविधानद्वारा व्यवस्थित विचार अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनाको हकको अन्तरभूत अङ्गको रूपमा रहेको मान्नुपर्ने हुन आउँछ ।” ( माधब कुमार बस्नेत वि. सूचना तथा सञ्चार मन्त्रालय, नेपाल कानून पत्रिका, २०५८, अङ्क ७ र ८, पृ. ३९२ ।)

[vi]विद्यार्थीले आफ्नो उत्तर पुस्तिका हेर्न पाउने सम्बन्धमा सर्वोच्च अदालतबाट भएको आदेशमा  सूचनाको हकसम्बन्धी ऐनको सर्वोच्च अदालतबाट व्याख्या (आदेशको अंश) :

“धारा २७ को सूचनाको हक सम्बन्धमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ बनेको हो । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को प्रस्तावनामा धारा २७ को मनसाय र भावना झल्केको देखिन्छ । सूचनाको हक सम्बन्धी ऐन, २०६४ को प्रस्तावना, धारा २७ को Essenceहो । सरकारले गर्ने हरेक काम, हरेक निर्णय र निर्माण गर्ने हरेक नीतिमा सार्वजनिक सरोकार समावेश भएको हुन्छ । त्यसैले ऐनको प्रस्तावनामा सरकारको काम कारवाहीलाई खुला र पारदर्शी बनाउने, सरकारलाई नागरिक प्रति जिम्मेवार र जावफदेही बनाउने र सार्वजनिक महत्वको विषयको सूचनामा आमनागरिकको पहुँच सरल र सहज बनाउने उद्देश्यले उक्त ऐन बनेको देखिन्छ । प्रस्तावनाबाट ऐनको मर्म, भावना र उद्देश्य देखिन्छ । ऐनको प्रस्तावना हेर्दा बृहत्तर राष्ट्रिय हितमा प्रतिकूल असर पार्ने सम्वेदनशील विषयहरूमा बाहेक सरकारको अन्य काम कारवाहीमा सरकार उदार पारदर्शी भएर सरल तरिकाले नागरिकलाई सूचित गर्न पर्ने स्पष्ट व्यवस्था भएको देखिन्छ । ऐनको दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका विषयमा बाहेक अन्य विषयमा सूचना उपलब्ध गराउने व्यबस्था दफा ३ बाट देखिन्छ भने दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका व्यबस्था धारा २७ को हकमा Reasonable restrictionमान्न पर्छ । ऐनको दफा ३(३) को खण्ड (क) देखि (ङ) सम्मका विषयमा नागरिकको पहुँच नहुने दफा ३ मा स्पष्ट हुँदा हुँदै सो बाहेक अन्य विषयमा सूचना माग्ने हक प्रत्येक नागरिकमा सुरक्षित छ र यदि अन्य विषयमा सरकारले नागरिकलाई सूचना प्रदान गर्न इन्कार गर्छ भने त्यस्तो विषय यस अदालतको धारा १०७(२) अन्तर्गत न्यायिक पुनरावलोकन गर्ने विषय बन्छ ।”

(उत्तरपुस्तिकाको सम्बन्धमा उत्प्रेषणयुक्त प्रतिषेध समेतको विषयमा वि.सं. २०६६ को रिट नं ०६६ - WO- ०७२२ मा सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०६८ जेठ ४ गते भएको आदेशको पृष्ठ १५ र १६ को अंश)

[vii] (सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३० को उपदफा (१) र (२) को व्यवस्था :

(१) कुनै व्यक्तिले सार्वजनिक निकायमा वहाल रहँदा सार्वजनिक पदसँग सम्बन्धित विषयको सूचना माग गरेमा त्यस्तो निकायले माग भएबमोजिम सम्बन्धित व्यक्तिलाई सूचना उपलब्ध गराउनु पर्नेछ।

(२) कुनै सरोकारवाला व्यक्तिले सार्वजनिक निकायमा रहेका आफूसँग सम्बन्धित विषयको सूचना माग गरेमा निजलाई सो सूचना उपलब्ध गराउनु पर्नेछ।

[viii]सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २ (क)

[ix]राष्ट्रिय सूचना आयोग वार्षिक प्रतिवेदन, २०६७/२०६८ तथा राष्ट्रिय सूचना आयोगको अभिलेखबाट।

[x] Legal Protections and Barriers on the Right to Information, State Secrets and Protection of Sources in OSCE Participating States; Privacy International, Preliminary version 2/5/07)

[xi] Legal Protections and Barriers on the Right to Information, State Secrets and Protection of Sources in OSCE Participating States; Privacy International, Preliminary version 2/5/07)

[xii] Legal Protections and Barriers on the Right to Information, State Secrets and Protection of Sources in OSCE Participating States; Privacy International, Preliminary version 2/5/07)